मिति: २०८२/२/२७ (मङ्गलबार)

बैठक संख्या: ६१ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : दिनको ११.३० बजे

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६१ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | चेतनाथ अर्याल | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| क्र सं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

गुमानसिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/२७ को बैठक

## बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

**नगर कार्यपालिकाको मिति २०८२/२/२७ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।

२. भू उपयोग क्षेत्र वर्गिकरण प्रतिवेदन सम्बन्धमा ।

३. आयोजना/कार्यक्रम संशोधन/ब्रेकडाउन सम्बन्धमा । (वडा नं २,३, ५,७,८,११,१)

४. जातिय विभेद न्यूनीकरण सम्बन्धी बृत्तचित्र निर्माण सम्बन्धमा ।

५. अपाङ्गता सम्बन्धी तथ्याङ्क संकलन सम्बन्धमा ।

६. आयोजनाहरुको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।

- वडा कार्यालय निर्माण, बेनपा-३
- चण्डीस्थान स्वास्थ्य चौकी बेनपा-६

७. अस्पताल सञ्चालन अनुमति सम्बन्धमा ।

८. विविध

- ज्येष्ठ नागरिक दिवा विश्रामस्थल सञ्चालन सहयोग सम्बन्धमा (वडा नं ८)
- सूचना प्रविधि अधिकृतको तह कायम र पारिश्रमिक सम्बन्धमा ।
- परीक्षा सञ्चालनको अपुग रकम सम्बन्धमा ।
- आयोजना/कार्यक्रम सम्झौताको म्याद थप सम्बन्धमा ।
- सडक निर्माण कार्यमा ढुंगा प्रयोग गर्ने अनुमति सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८२/२/८ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा छलफल गरियो ।

**निर्णय नं.२: भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धमा ।**

नेपाल सरकारले जारी गरेको "भू उपयोग ऐन, २०७६" तथा भू उपयोग नियमावली, २०७९ वमोजिम यस बेसीशहर नगरपालिका क्षेत्रभित्रका जग्गाजमिनलाई विभिन्न क्षेत्रमा वर्गिकरण गर्ने प्रयोजनका लागि प्रक्रिया वमोजिम छनौट भएको सेवा प्रदायक परामर्शदाताले पेश गरेको प्रतिवेदन तथा "भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी आधार र मापदण्ड" का सम्बन्धमा छलफल हुँदा उक्त प्रतिवेदन र मापदण्ड

गुमान सिंह अर्याल
नगर प्रमुख

अध्ययनको लागि वडा कार्यालयहरुमा इमेल गरी पठाउने र यस सम्बन्धमा अर्को बैठकमा निश्कर्षमा पुग्ने निर्णय गरियो ।

**निर्णय नं.३: आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

देहायः

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.वडा टोल सडक बत्ती, बेनपा-२ | १ लाख | १.सडक बत्ती मर्मत खर्च( बेनपा-२ भकुण्डे बजार) | ७० हजार |
| २.महिला व्यवसायिकता र उद्यमशिलता प्रवर्द्धन कार्यक्रम, बेनपा-२ | ५० हजार | २.वडास्तरीय महिला सञ्जाल बैठक व्यवस्थापन, बेनपा-२ | ६३०० |
| ३.महिला स्वास्थ्य स्वयंसेविका स्मार्ट सम्बन्धी क्षमता अभिबृद्धि (स्मार्ट मोवाइल सहयोग), बेनपा-२ | १ लाख ६० हजार | ३.स्वास्थ्य चौकी तटबन्धन र सडक मर्मत खर्च | १ लाख ६० हजार |
| ४.बोहराबेसी/भकुण्डे-तालफाँट र नरुवल क्षेत्रमा तरकारीको नर्सरी सञ्चालन अनुदान प्रदान गरी कृषकलाई तरकारीको विरुवा वितरण, बेनपा-२ | १ लाख | ४.१ स्वास्थ्य चौकी तटबन्धन र सडक मर्मत खर्च, बेनपा-२<br>४.२ दलित लक्षित आर्थिक सशक्तिकरण कार्यक्रम, बेनपा-२ | ५५ हजार ५ सय<br>३५ हजार ५ सय |
| ५.विविध फुटकर कार्यक्रमहरु, बेनपा-२ | २ लाख ३० हजार ९१२ | ५.सिसी क्यामेराको लागि डेस्कटप मनिटर सहयोग(चालिसे प्रहरी बिट) बेनपा-२ | १५ हजार |
| ६.हाइटेक टनेल निर्माण/फलफूल विरुवा उत्पादन, बेनपा-३ | १ लाख | ६.सुन्तला विरुवा वितरण, बेनपा-३ | १ लाख |
| ७.शिक्षा सुधार कार्यक्रम, बेनपा-३ | ५० हजार | ७.बाल विकास केन्द्र बसाई व्यवस्थापन(लमजुङ मावि र यशोब्रह्म मावि) बेनपा-३ | ५० हजार (२५/२५ हजार) |
| ८.सडक हेरालु व्यवस्थापन, बेनपा-३ | २ लाख | ८.गाउँशहर-रानीकुवा सडक नाला सरसफाई, बेनपा-३ | २ लाख |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/२७ को बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| ९.फुटकर तथा विविध कार्यक्रम, बेनपा-३ | ७ लाख ३२ | ९.१साउबारी दनाईगाउँ तिलबारीको नाला तथा ग्याविन जाली लगाउने, बेनपा-३ | ७० हजार |
| | | ९.२जातिय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस, बेनपा-३ | ८ हजार |
| | | ९.३ रानीकुवा सामुदायिक भवनमा खानेपानी तथा शौचालयमा पानीको धारा जडान, बेनपा-३ | १५ हजार |
| | | ९.४ गाउँशहर विजुली महशुल, बेनपा-३ | ७ हजार ४४३ |
| | | ९.५ट्राफिक सप्ताह सञ्चालन, बेनपा-३ | १० हजार |
| | | ९.६समीक्षा तथा योजना तर्जुमा कार्यक्रम, बेनपा-३ | ३५ हजार |
| | | ९.७स्टेशनरी सामाग्री वितरण, बेनपा-३ | ४० हजार |
| | | ९.८ विविध खर्च | ४६ हजार |
| १०. बालमैत्री वडा घोषणा कार्यक्रम, बेनपा-३ | २ लाख ५० हजार | १०. बालमैत्री वडा घोषणाका सूचकहरु पुरा गर्ने सम्बन्धी विभिन्न कार्यक्रम, बेनपा-३ | २ लाख ५० हजार |
| ११.विविध कार्यक्रम खर्च, बेनपा-५ | ५ लाख ५७ हजार | ११. पहिरो पन्छाई सडक सफा गर्ने कार्य, बेनपा-५ | १ लाख ७० हजार |
| १२.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ | १० लाख ५६ हजार ५७५ | १२.१विभिन्न संघसंस्थाको कार्यक्रम तथा सञ्चार पत्रपत्रिका सहयोग, बेनपा-७ | २६ हजार |
| | | १२.२ बस्ती/टोल भेला तथा वडा भेला खर्च, बेनपा-७ | ३५ हजार |
| १३.विपद् व्यवस्थापन खर्च, बेनपा-८ | १ लाख | १३.१अर्थली चोकबाट राम बहादुर दनाईको घर जाने कुलोमा पहिरो संरक्षण, बेनपा-८ | ५० हजार |
| | | १३.२मजुवा खोला गाउँशहर जाने पुल किनारमा पहिरो संरक्षण, बेनपा-८ | ५० हजार |
| १४.बालबालिका(नवदीप बाल | ५० हजार | १४.१नवदीप बाल विकास केन्द्र | २५ हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/२७ को बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| विकास केन्द्र र आदर्श बाल विकास केन्द्र) बेनपा-८ | | सहयोग, बेनपा-८<br>१४.२ आदर्श बाल विकास केन्द्र सहयोग, बेनपा-८ | २५ हजार |
| १५.विविध, बेनपा-११ | ३ लाख ५८ हजार | १५.सडक बत्ती महशुल र कार्यालय व्यवस्थापन (गेष्ट रुम) बेनपा-११ | ४३ हजार |
| १६.स्वास्थ्य सम्बन्धी कार्यक्रम, बेनपा-११ | २ लाख | १६.चितीथला हेल्थपोष्टमा किचन तथा विविध सामाग्री खरिद, बेनपा-११ (२०८१/८/१२ को नि.नं १२/११.४ मा संशोधन) | ३० हजार |
| १७.अस्थायी प्रहरी विट उदीपुर इन्धन तथा विपद् र विविध खर्च, बेनपा-१ | ५० हजार | १७.१ सुक बहादुर गुरुङको घर मर्मत, बेनपा-१<br>१७.२ बालाको घर अगाडिको पहिरो नियन्त्रण, बेनपा-१ (२०८२/११/१७ र ९/२९ को निर्णयमा खर्च शिर्षक संशोधन) | ५ हजार<br>१५ हजार |

निर्णय नं.४: जातिय विभेद न्यूनीकरण सम्बन्धी बृत्तचित्र निर्माण सम्बन्धमा ।

चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जातिय विभेद न्यूनीकरण सम्बन्धी बृत्तचित्र निर्माणको लागि रु. ४ लाख विनियोजन भएको र यस सम्बन्धी सेवा खरिदको लागि सूचना प्रकाशन गरी प्रस्तावना माग गरिएता पनि आर्थिक वर्षको अन्त अन्ततर्फ आइपुगेको स्थितिमा गुणस्तरीय बृत्तचित्र निर्माण गर्न समय अभाव हुन जाने देखिएको हुँदा उक्त कार्यक्रमलाई आगामी आर्थिक वर्षको कार्यक्रममा समावेश गर्ने गरी हाललाई बृत्तचित्र निर्माण कार्य स्थगित गर्ने निर्णय गरियो ।

निर्णय नं.५: अपाङ्गता सम्बन्धी तथ्याङ्क संकलन सम्बन्धमा ।

नेपाल नेत्रहीन संघले लमजुङ नेत्रहीन संघ संगको सहकार्यमा लमजुङ जिल्ला भित्रका अपाङ्गता भएका व्यक्तिहरुको व्यक्तिगत तथा पारिवारिक अवस्थाका साथै सवल पक्ष र समस्या बारे यथार्थ विवरण पत्ता लगाउनको लागि तथ्याङ्क संकलन गर्न लागेको हुँदा सो संस्थाले पेश गरेको रु. ७ लाख ४२ हजार ५ सय कुल लागत अनुमान रहेको प्रस्तावना समेतको आधारमा यस बेसीशहर नगरपालिकाबाट चालु आ.व.मा अपाङ्गता सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन लागत साझेदारी शिर्षकमा विनियोजित रु. १ लाख उक्त तथ्याङ्क संकलन सम्बन्धी कार्यको लागि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.६: आयोजनाहरुको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।

यस बेसीशहर नगरपालिकाद्वारा सञ्चालित देहायका आयोजनाको ठेक्का सम्झौताको म्याद म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०८२/३/२० सम्म थप गर्ने निर्णय गरियो ।

देहायः

गुमान सिंह अर्याल
नगर प्रमुख

(क)३ नं वडा कार्यालय निर्माण बेनपा-३

(ख)चण्डीस्थान स्वास्थ्य चौकी निर्माण, बेनपा-६

**निर्णय नं.७: अस्पताल सञ्चालन अनुमति सम्बन्धमा ।**

बेसीशहर नगरपालिका-७ स्थित सेवा मोडेल हस्पिटल प्रा.लि. ले ५ (पाँच) शैयासम्मको अस्पताल सञ्चालनको ईजाजतपत्र प्राप्तिको लागि आवश्यक कागजात सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गरेको निवेदनको सम्बन्धमा यस बैठकमा छलफल हुँदा बेसीशहर नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि २०७६ वमोजिम अनुगमन समितिले पेश गरेको स्थलगत अनुगमन प्रतिवेदन र संलग्न कागजात समेतका आधारमा जनस्वास्थ्य नियमावली २०७७, स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७(संशोधन समेत), स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड सम्बन्धी निर्देशिका २०७३ र बेसीशहर नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि २०७६ वमोजिम सेवा मोडेल हस्पिटल प्रा.लि.,बेसीशहर नगरपालिका-७ लाई ५ (पाँच) शैयाको अस्पताल सञ्चालनार्थ ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.८: ज्येष्ठ नागरिक दिवा विश्रामस्थल सञ्चालन सहयोग सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ को ज्येष्ठ नागरिक लक्षित कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन सहयोग शिर्षकमा बाँकी रहेको रकम रु. ५० हजार वडा नं ८ स्थित नारायणस्थानमा शुरुवात गरिएको ज्येष्ठ नागरिक दिवा विश्रामस्थलको व्यवस्थापनको लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९: सूचना प्रविधि अधिकृतको तह कायम र पारिश्रमिक सम्बन्धमा ।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथ स्थानीय शासन सवलीकरण कार्यक्रम ऐन्क्ए कार्यक्रम कार्यान्वय इकाईको सुचना प्रविधि अधिकृतको पद सम्बन्धी प्रदेश भित्रको स्थानीय तहको कम्प्युटर ईन्जिनियर वा कम्प्युटर अधिकृत (सातौं) सरह हुने भनि पत्र सं. २०८१/८२, चलानी नं. २४२, मिति २०८१/११/२३ को प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकामा करार सेवामा कार्यरत सूचना प्रविधि अधिकृत (छैटौं) श्री मुकेश कुँवरले गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ तथा नियमावली २०८० मा भएको व्यवस्था बमोजिम उक्त पदको सातौं तहको लागी तोकिएको शैक्षिक योग्यता हासिल गर्नु भएको देखिएकोले मिति २०८१।०२।०१ देखि लागु हुने गरी सातौं तह कायम गरी सोही अनुसारको करार सम्झौता संसोधन, पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०: परीक्षा सञ्चालनको अपुग रकम सम्बन्धमा ।**

चालु आ.व.को शिक्षातर्फ कक्षा ५-९ सम्मको परिक्षा व्यवस्थापनको लागि रु. ६ लाख विनियोजन भएको तर जम्मा खर्च रकम रु. ६ लाख ११ हजार २१२ हुन आएको हुँदा उक्त शिर्षकबाट अपुग हुने रकम रु.११ हजार २१२ विद्यालयहरुको व्यवस्थापन सुधारका लागि वि.व्य.स, शिक्षक अभिभावक संघ र अभिभावक शिक्षा कार्यक्रम शिर्षकमा बाँकी रहन गएको रकमबाट व्होर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/२/२७ को बैठक**

**निर्णय नं.११: आयोजना/कार्यक्रम सम्झौताको म्याद थप सम्बन्धमा ।**

नगर कार्यपालिकाको कार्यालयबाट चालु आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरिने ठेक्का सम्झौता बाहेका सम्पूर्ण आयोजना तथा कार्यक्रम सम्झौताको म्याद २०८२ असार १० गतेसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२: सडक निर्माण कार्यमा ढुंगा प्रयोग गर्ने अनुमति सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं २ स्थित न्याउली खोलामा बाढीले बगाएर ल्याएको ३१.८८ घन मीटर (११२४.७२ घन फिट) बराबरको ढुंगा सोही क्षेत्रको सडक निर्माण कार्यमा प्रयोग गर्ने गरी श्री इन्द्रश्री निर्माण सेवा प्रा.लि.लाई नियमानुसार राजश्व लिई संकलनको लागि अनुमति प्रदान गरिएको व्यहोरालाई समर्थन गर्ने निर्णय गरियो ।

रामान सिंह अर्याल
नगर प्रमुख